annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ६२, पृष्ठ ८ | काठमाडौं, बुधबार १७ असार २०८३ | आषाढ कृष्णपक्ष द्वितीया नेपाल संवत् ११४६ | WEDNESDAY, JULY 1, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०


आवरण समाचार

# फैलियो मनसुन, विपद्‌को जोखिम

पश्चिम र पूर्वी नेपालमा भारी वर्षा गराउँदै मनसुन देशभर सक्रिय भएको छ। आगामी दुईदिन पहाडी भू-भागमा आकस्मिक बाढी, पहिरो र तराईमा डुबानको उच्च जोखिम रहेकाले मौसम पूर्वानुमान महाशाखाले सबैलाई सचेत हुन सचेत गराएको छ।

**नितु घले** | *काठमाडौं*

समाचार पृष्ठ २




*स्रोत : मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग*

# राजदूत आकांक्षीको नाम किन गोप्य ?

**राधा खनाल** | *काठमाडौं*

नेपालको कूटनीतिक इतिहासमा पहिलोपटक खुला प्रतिस्पर्धामार्फत राजदूत नियुक्ति गर्ने सरकारको प्रयास निर्णायक चरणमा पुगेको छ। परराष्ट्र मन्त्रालयका अनुसार रिक्त रहेका १३ देशका लागि राजदूत नियुक्त गर्न आह्वान गरिएको खुला आवेदनमा करिब ४ हजारभन्दा बढी आवेदन परेका छन्। तीमध्येबाट हाल २ हजार ७ सयलाई प्रारम्भिक छनोट गरिएको छ।

परराष्ट्रमन्त्री शिशिर खनाल रास्वपा महाधिवेशनबाट फर्किएपछि राजदूत छनोटको प्रक्रियामा जुटेको मन्त्रालय उच्च स्रोतले बतायो। सरकारले नियुक्तिको तयारी गरेसँगै संसदीय सुनुवाइका लागि संसद् सचिवालयले तयारी गरेको छ। राजदूतको सुनुवाइ तयारीका लागि संसदीय सुनुवाइ विशेष समितिको बैठक बोलाइसकिएको छ। हाल दोहोरिएका तथा अपूर्ण आवेदन हटाउने काम भइरहेको छ भने प्रारम्भिक छनोट प्रक्रिया आगामी सातादेखि अघि बढाउने तयारी गरिएको छ।

तर, खुला प्रतिस्पर्धाबाट नियुक्तिको अभ्यास सुरु गरे पनि आवेदकहरूको नाम सार्वजनिक नगर्ने मन्त्रालयको निर्णयको आलोचना हुन सुरु भएको छ। कतिपयले पारदर्शिताका नाममा सरकारले झन् बढी अपारदर्शी काम गरेको भन्दै आपत्ति जनाएका छन्। व्यक्तिगत गोपनीयताको सम्मान गर्दै कुनै पनि आवेदकको नाम सार्वजनिक नगर्ने तयारी भएको मन्त्रीको सचिवालयले जनाएको छ। प्रारम्भिक छनोटपछि सर्टलिस्टमा परेका उम्मेदवारलाई मात्र थप प्रक्रियाका लागि सम्पर्क गरिनेछ।

परराष्ट्र मन्त्रालयले २०८३ जेठ १४ गते सूचना प्रकाशित गर्दै अमेरिका, चीन, भारत, बेलायत, अस्ट्रेलिया, साउदी अरेबिया, दक्षिण कोरिया, मलेसिया, बहराइन, ओमान, इजरायल, बंगलादेश र अस्ट्रिया गरी १३ देशका लागि राजदूत पदमा आवेदन आह्वान गरेको थियो। आवेदन दिने अन्तिम मिति २०८३ जेठ २२ गते साँझ ५ बजे तोकिएको थियो। मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेलका अनुसार खुला प्रतिस्पर्धामा एकै व्यक्तिले फरक-फरक देशका लागि १० वटासम्म छुट्टाछुट्टै आवेदन दिएको पनि देखिएको छ। 'ठूला देशहरूका लागि आवेदन दिनेको संख्या बढी छ,' उनले भने, 'एउटै व्यक्तिले १० वटा देशका लागि आवेदन दिएका छन्। यसो गर्नुको उद्देश्य एउटा देशमा नभए अर्कोमा होला भन्ने नै बुझिन्छ। त्यसैले अहिले आवेदनको रीत पुगेको छ वा छैन, दोहोरो आवेदन छ वा छैन भन्ने प्राविधिक परीक्षण भइरहेको छ।'




सरकारले यसपटक इच्छुक व्यक्तिले आफैं आवेदन दिन सक्ने मात्र होइन, अन्य व्यक्ति वा संस्थाले पनि योग्य व्यक्तिको नाम सिफारिस गर्न सक्ने व्यवस्था गरेको थियो। यसले राजनीतिक पहुँचभन्दा योग्यता र क्षमतालाई प्राथमिकता दिने सन्देश दिएको परराष्ट्र मन्त्रालयको दाबी छ।

प्रवक्ता पौडेलले मन्त्रालय प्रशासनले छनोटको प्रक्रिया पूरा गरिसकेको बताए। '४ हजार बढी आवेदन परेको थियो। अहिले २७ सय जना छनोट गरिसकिएको छ। अब यीमध्येबाट अहिले तत्काल आवश्यक पर्ने १३ जना छान्ने हो। सरकारले १३ मात्र गर्छ कि बढी पनि गर्छ त्यो सरकारको राजनीतिक प्रक्रियाको कुरा हो। सरकारले कस्तो व्यक्ति कुन ठाउँमा आवश्यक ठान्छ, यो हामीले भन्न मिल्दैन,' उनले भने, 'तर पनि सरकारले राजदूत नियुक्तिसम्बन्धी निर्देशिकालाई नै आधार बनाएर नियुक्ति गर्ने तयारीमा छ।'


» बाँकी पृष्ठ ६

# ३३ नेपाली कैदीलाई साउदीको आममाफी

**काठमाडौं** (अन्नपूर्ण): साउदी अरब सरकारले ३३ जना नेपाली कैदीलाई आममाफी दिएको छ। रमजानको अवसरमा साउदी सरकारले ती नेपालीहरूलाई आममाफी दिएको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ।

नेपाल सरकारले साउदी अरब सरकारको यस निर्णयप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गरेको छ। परराष्ट्र मन्त्रालयले मंगलबार जारी गरेको विज्ञप्तिमा यो कदम नेपाल र साउदी अरबबीचको लामो समयदेखिको मित्रता, सद्भाव र सौहार्दपूर्ण द्विपक्षीय सम्बन्धको प्रतीक भएको उल्लेख गरिएको छ।

मन्त्रालयका अनुसार साउदी अरबस्थित नेपाली दूतावासमार्फत नेपाल सरकारले गरेको अनुरोधपछि ती नेपाली नागरिकलाई आममाफी प्रदान गरिएको हो। आममाफी पाएका नेपालीहरू साउदी अरबको कानुनी प्रक्रिया पूरा भएपछि नेपाल फर्किने परराष्ट्र मन्त्रालयले जनाएको छ।




# पौडेलको बन्दीप्रत्यक्षीकरण रिटमा तीन व्यवसायीका मुद्दाको फाइल झिकाइयो

**अन्नपूर्ण** | *काठमाडौं*

नेकपा एमालेका उपाध्यक्ष तथा पूर्वउपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेल न्यायिक हिरासतमै रहने भएका छन्। पौडेललाई गैरकानुनी थुनामा राखिएको दाबी गर्दै पौडेल पत्नी दोमायाले दायर गरेको रिट निवेदनमा मंगलबार सुनुवाइ गर्दै सर्वोच्चले रिहाइ गर्न अस्वीकार गरेको छ। न्यायाधीशद्वय टेकप्रसाद ढुंगाना र मेघराज पोखरेलको संयुक्त इजलासले ३ जना व्यवसायीविरुद्ध दायर गरिएका मुद्दाको अभियोगपत्रसहितको सक्कल फाइल झिकाउने आदेश गरेको छ। पौडेलविरुद्धको मुद्दाको पेसी असार १८ गते तोकिएको छ।

असार १० गते दायर रिटमा विशेष अदालत, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, गृह मन्त्रालय, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग जिल्ला प्रहरी कार्यालय अपराध अनुसन्धान तथा कारबाही शाखा सुर्खेतलाई विपक्षी बनाइएको थियो।



पौडेललाई अर्थमन्त्री हुँदा व्यवसायीलाई लाभ पुऱ्याउने उद्देश्यले निर्णय गरेको अभियोग लगाई पक्राउ गरिएको हो। सर्वोच्चले विशेष अदालतमा दायर व्यवसायीहरू दीपक भट्टसमेत भएको सम्पत्ति शुद्धीकरण मुद्दाको सक्कल मिसिल विशेष अदालतबाट र बैंकिङ कसुरसम्बन्धी मुद्दाको फाइल उच्च अदालत पाटनबाट झिकाउन आदेश गरेको छ। यसैगरी भट्टसमेत भएको धितोपत्रसम्बन्धी कसुरको मुद्दाको सक्कल मिसिल काठमाडौं जिल्ला अदालतबाट झिकाउन आदेश गरेको छ।

त्यस्तै, आशिष श्रेष्ठसमेत रहेको बिमासम्बन्धी कसुरको मुद्दाको सक्कल मिसिलि पनि काठमाडौं जिल्ला अदालतबाट झिकाउन आदेश गरेको छ। यसैगरी सुलभ अग्रवालविरुद्धको धितोपत्रसम्बन्धी कसुरको सक्कल मिसिल पनि काठमाडौं जिल्ला अदालतबाट झिकाउन आदेश भएको हो। सर्वोच्चले सक्कल मिसिल झिकाउन आदेश दिएका व्यवसायी सुलभ अग्रवाल र आशिष श्रेष्ठविरुद्ध पनि सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ)को मुद्दा दायर भएको छ।

सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ)को कसुरमा पक्राउ परेका पौडेललाई थुनामुक्त गर्न माग गर्दै दोमायाले बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकी थिइन्। यसअघि गत बिहीबार सर्वोच्चका न्यायाधीश श्रीकान्त पौडेलको एकल इजलासले पौडेललाई पक्राउ गर्नुको कारण देखाउ आदेश जारी गरेको थियो। पौडेल असार ८ गते सुर्खेतबाट पक्राउ परेका थिए। हाल उनलाई पौडेललाई न्यायिक हिरासतमा राखिएको छ।

» बाँकी पृष्ठ ६